फोन: ०५६-४१०१२२/४१०१११
इमेल: ichchhakamanaruralmun@gmail.com
वेबसाइट: ichchhakamanamun.gov.np

# इच्छाकामना गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

कुरिनटार, चितवन

बागमती प्रदेश, नेपाल

इच्छाकामना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कुरिनटार, चितवन
बागमती प्रदेश, नेपाल

प.सं. २०८१/०८२

च. नं. २०२९

मिति: २०८२।०३।३२

विषय: आ.व. २०८१।०८२ को कार्यसम्पादन मूल्याङ्कन फाराम बुझाउने सम्बन्धमा।

श्री सम्बन्धित कर्मचारीहरु सबै,
इच्छाकामना गाउँपालिका, चितवन।

उपर्युक्त विषयका सम्बन्धमा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ४२ को उपदफा (६) अनुसार प्रत्येक कर्मचारीले प्रत्येक आर्थिक बर्ष समाप्त भएको मितिले ७ दिन (श्रावण ७ गते) भित्र गत आर्थिक बर्षमा आफूले सम्पादन गरेका मुख्य-मुख्य कार्यहरु उल्लेख गरी ३ प्रति बार्षिक कार्यसम्पादन मूल्याङ्कन फाराम तोकिएको ढाँचामा भरी सम्बन्धित कार्यालयमा दर्ता गराउनुपर्ने प्रावधान रहेको छ। तसर्थ यस गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु र स्वास्थ्य संस्थाहरुमा कार्यरत स्थायी कर्मचारीहरुले ऐनले तोकेको मितिभित्र अनिवार्य रुपमा कार्यसम्पादन मूल्याङ्कन फाराम भरी गाउँकार्यपालिकाको कार्यालयमा दर्ता गराई प्रशासन शाखामा पेश गर्नुहुन जानकारी गराउँदछु।

पुनश्च: सम्पूर्ण कर्मचारीहरुले कार्यसम्पादन मूल्याङ्कन फाराम भर्दा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को अनुसूची १३ को ढाँचामा प्रत्येक प्रति एउटै पानामा (दुवै पट्टी) अट्ने गरी भर्नुहुन अनुरोध गरिन्छ।

..............................
(चन्द्रकान्त बस्नेत)
प्रमुख प्रशासकीय अधिकृत